फोन न. ९८५७०४६०...

पाल्हीनन्दन गाउँपालिका
Palhinandan Rural Municipality
# गाँउ कार्यपालिकाको कार्यालय
# Office of Municipal Executive
कुश्मा, नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश,नेपाल
Kushma, Nawalparasi (Ba.Su.Pa.), Lumbini Province, Nepal

पत्र संख्या (Letter No.) ०७७/०७८
चलानी नं. (Ref. No.) ६२६

मिति : २०७७/०८/२४

श्री वडा कार्यालयहरु सबै

विषय : सुरक्षित नागरिक आवास कार्यक्रमको लागी विवरण उपलब्ध गराइदिने सम्बन्धमा ।

प्रस्तुत विषयमा सुरक्षित नागरिक आवास समन्वय समिति नवलपरासी ब.सु.प.को मिति २०७७/०८/०६ को निर्णयानुसार सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत यस गाउँपालिका लाई सुरक्षित नागरिक आवास निर्माणको लागी १६० घरको संख्या निर्धारण भएकाले तपसिल बमोजिमको आधारमा लक्षित वर्ग पहिचान गरिने भएकाले १० दिन भित्र लाभग्राहीको निवेदन संकलन गरि उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

**तपसिल**

१. लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल, खर, स्याउला, आसवेसटस, विटुमिन ड्रम वा यस्तै प्रकृतिका आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने अन्य सामाग्रीबाट छाएको,
२. गरिबीको रेखामुनी रहेका आफैंले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको घरपरिवार,
३. जग्गाधनी प्रमाण पूर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली, धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण,
४. विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण,
५. प्रकोपका कारण घरवारविहीन भएको हकमा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय सहित जिल्ला प्रशासन कार्यालयको सिफारिस,
६. गरीबिको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धित स्थानीय तहको सिफारिस ।

दिनेश कहाँर
प्रमुख प्रशासकिय अधिकृत